बैठक संख्या:९७ (सन्तानब्बे)औँ

समय:

आज मिति २०८१ असार ०६ गते बिहिवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उपप्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

# ९७ औँ कार्यपालिका बैठक (२०८१।०३।०६)

## विषय सूची:-

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा
२. आर्थिक वर्ष ०८१/०८२ वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा
३. आ.व. २०८१/०८२ को बजेट सम्बन्धमा
४. आ.व. २०८१/०८२ को आर्थिक विधेयक, विनियोजन विधेयक सम्बन्धमा
५. कोलनी सटर भाडाको सूचना प्रकाशन सम्बन्धमा
६. विविध
क) बट्टार बसपार्क ठेक्काको कर रकम सम्बन्धमा
ख) कवाडीजन्य पदार्थको निकासी कर संकलनको ठेक्का सम्बन्धमा

## निर्णयहरू

प्रस्ताव नं १: गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा

निर्णय नं १: यस नगर कार्यपालिकाको ९६ औं कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिध्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिएको ।

प्रस्ताव नं २: आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा

निर्णय नं २: आ.व २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने।

प्रस्ताव नं ३: आ. व. २०८१/०८२ को बजेट सम्बन्धमा

निर्णय नं ३ आ.व २०८१/०८२ को बजेट कार्यपालिकाबाट स्वीकृत गरी छलफलका लागि नगर सभामा पेश गर्न ।

प्रस्ताव नं ४: आ.व. २०८१/०८२ को आर्थिक विधेयक विनियोजन विधेयक सम्बन्धमा ।

निर्णय नं ४: आ.व २०८१/०८२ को आर्थिक विधेयक, विनियोजन विधेयक स्वीकृत गरी नगरसभा बैठकमा पेश गर्ने ।

प्रस्ताव नं ५: कोलनी सटर भाडाको सूचना प्रकाशन सम्बन्धमा ।

निर्णय नं ५: राजश्व परामर्श समितिबाट सिफारिस भएको दररेट अनुसार सटर भाडामा लगाउन स्थानीय पत्रिकामा सूचना प्रकाशन गर्ने ।

प्रस्ताव नं ६: विविध

निर्णयहरू

**क) बट्टार बसपार्क ठेक्काको कर रकम सम्बन्धमा**

बट्टार बसपार्क ठेक्का आव्हान गर्नु पहिले यस नगरपालिकाबाट कर संकलन भइरहेको र उक्त बसपार्क ठेक्का २०८० श्रावण १ देखि उठाउने गरि आव्हान भएको तर २०८० श्रावण २२ देखि लागु हुने गरी ठेक्का सम्झौता भई ठेकदार मार्फत कर संकलन कार्य भएको हुँदा ठेकदारको निवेदन अनुसार २०८० श्रावण १ देखि २०८० श्रावण २१ गते सम्मको दैनिक हिसाबले हुन आउने कर रकम रु ८०,२९२। (अक्षेरुपी असी हजार दुई सय बयानब्वे रूपैया मात्र) को हिसाब नगरपालिका आफैंले संकलन गरेको अवधि भएकोले सो रकमको हिसाब ठेकदारबाट नलिने।

ख) कवाडीजन्य पदार्थको निकासी कर संकलनको ठेक्का सम्बन्धमा

राजश्व परामर्श समितिबाट सिफारिस भई आएको भ्याट बाहेकको १०,००,०००। (अक्षेरुपी दश लाख रूपैया मात्र) रकममा कवाडीजन्य वस्तुहरुको कर संकलनको लागि सिलबन्दी दरभाउ पत्र आव्हान गर्न राजश्व शाखालाई निर्देशन दिने ।